सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २३४ ♦ २०८३ साल वैशाख १८ शुक्रवार ♦ 1 May 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## सहकारी सुदृढीकरण मार्फत बर्दिबासमा कृषि तथा दुध उत्पादन विस्तार



**खबर दर्पण समाचारदाता**

**वैशाख १७ गते, बर्दिवास**

बर्दिवास नगरपालिकामा सहकारी सुदृढीकरणलाई केन्द्रमा राखी कृषि तथा पशुपालन प्रवर्धनका कार्यक्रमहरू अघि बढाइएको छ।

नगरपालिकाले आज एक कार्यक्रम बिच सहकारीमार्फत दुध सङ्कलन तथा कृषि उत्पादन विस्तारलाई प्राथमिकतामा राख्दै विभिन्न सहयोग उपलब्ध गराएको छ।

बर्दिवास नगरपालिकाका प्रमुख प्रह्लादकुमार क्षेत्रीले दुध सङ्कलनका लागि आवश्यक क्यान लगायत सामग्री हस्तान्तरण गर्दै सहकारीको क्षमता अभिवृद्धिमा जोड दिनुभयो।

नगरपालिकाले पाँच लाख रुपियाँ बराबरको शेयर सदस्यता लिएर सरकारीप्रति आफ्नो प्रतिबद्धता जनाएको छ। २०३२ सालमा स्थापना भएको उक्त सहकारी लामो समय निस्क्रियजस्तै रहेकोमा हाल अध्यक्ष भानुभक्त पोखरेलको नेतृत्वमा पुन: सञ्चालनमा आएको छ।

सहकारीले बेसार खेती तथा दुध उत्पादन र सङ्कथनलाई प्राथमिकतामा राख्दै गतिविधि विस्तार गरेको छ। हाल दैनिक करिब २०० लिटर दुध सङ्कलन तथा वितरण भइरहेको छ भने निकट भविष्यमा ५०० लिटर सम्म पुऱ्याउने लक्ष्य लिइएको सहकारीले जनाएको छ।

बेसार खेतीलाई व्यावसायिक रूपमा विस्तार गर्न सहकारीले यस वर्ष सात बिघा जमिनमा खेती सुरु गर्ने तयारी पूरा गरेको छ भने थप २५ बिघामा खेती विस्तार गर्ने योजना रहेको छ। किसानलाई प्रोत्साहन गर्न प्रति कट्ठा दुई हजार

*बाँकी पृष्ठ ३ मा*

# महोत्तरीमा बधशालाको अभावमा प्रदूषित मासु उपभोग गर्न बाध्य उपभोक्ता

**अजयकुमार साह**

**वैशाख १७ गते, बर्दिवास**



महोत्तरीको गौशाला सहितका स्थानमा बधशालाको उचित व्यवस्था नहुँदा स्थानीय बासिन्दाहरू प्रदूषित मासु उपभोग गर्न बाध्य भएका छन् ।

अव्यवस्थितरूपमा सञ्चालन गरिएका पशु बधशाला वरपर फैलिएको चर्को दुर्गन्धले आसपासका बासिन्दा विभिन्न रोगव्याधिको शिकारसमेत हुँदै आएका छन् ।

प्रदूषणपीडित गौशालाका एक स्थानीय अनिता थापाले बधशालाको विरुद्धमा बोल्नेलाई बुच्चरहरूले नटेर्ने गरेका र नगर पालिकाले पनि यसमा खासै वास्ता गर्ने नगरेको गुनासो गर्नुभयो ।

अव्यवस्थित पशु बधशालाका कारण दशकौंदेखि अस्वस्थ मासु उपभोग गर्न बाध्य रहँदै आएका गौशालानगरवासी बधशालाको फोहोर र दुर्गन्धबाट समेत दिक्क भएका छन् ।

स्वास्थ्य मापदण्ड विपरित पशु बधशालाको मासु खान उपभोक्ता बाध्य भएपनि मापदण्ड विपरित सञ्चालनमा रहेको मासु र माछा पसलको अनुमगन हुनसकेको छैन । जसकारण उपभोक्ता मारमा परेका छन् । उपभोक्तालाई हरेक उपभोग्य बस्तु स्वस्थ हुनुपर्छ भन्ने मान्यता छ । तर यहाँ व्यवस्थित बधशाला अभावमा उपभोक्तामाथि वर्षौ देखि ज्यादति भइरहेको छ ।

सडकपेटीमा काटमार गरी खुलारुपमा गरिने मासु पसलले बजार फोहोर र दुर्गन्धित बनेको छ ।

सरकारले उपभोक्तालाई स्वस्थकर मासु खाने व्यवस्थासहित पसल सञ्चालन गर्न मापदण्ड बनाएको छ। तर गौशाला, औरही, रामगोपालपुर लगायतका अधिकांश पालिकाका शहर गाउँमा मासु पसल मापदण्ड विपरित सञ्चालित छन् ।

पशु बधशाला र मासु जाँच नियमावली अनुसार महोत्तरी जिल्ला मै एउटा पनि मासु पसल सञ्चालनमा छैनन् । अधिकांश पसलका सञ्चालकले नियमितरुपमा मापदण्ड अनुसार सफाई नगर्दा गुणस्तरहीन मासु किनबेच र उपभोग भइरहेको छ ।

मासु बिक्रेताले पनि नगर पालिकाले नियमित अनुगमन नगर्दा अव्यवस्थितरुपमा मासु पसल सञ्चालन भइरहेको बताउन थालेका छन् । पशु बधशालाको अभावमा अव्यवस्थित तरिकाले मासु बिक्री वितरण भइरहेको छ । अव्यवस्थित ढंगबाट सञ्चालित मासु पसललाई व्यवस्थित गर्न नियमनकारी निकायको पनि तातिएको छैन ।

स्थानीय मासु पसलले मापदण्डका विषयमा हाकाहाकी कुनै जानकारी नै नभएको बताउने गरेका छन् ।

औरही नगरपालिका १ औरही बजार चोकमा मासु पसल सञ्चालन गर्दै आएका जाबिर लहेरीलाई बजारमा मासु पसल सञ्चालनको मापदण्डका विषयमा कुनै जानकारी नभएको बताउनुभयो। उहाँले कहिलेकहिँ अनुमगनका लागि विभिन्न निकायबाट आउने गरिए पनि कसैले केही नभनेको बताउनुभयो ।

मधेशका विभिन्न जिल्लामा वार्षिक बरिव ४७ हजार ३ सय ५९ मेट्रिक टन मासु उत्पादन र खपत हुने गरेको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मधेस प्रदेशले जनाएको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मधेस प्रदेशका वरिष्ठ पशु चिकित्सक डा.संजीव कुमार ठाकुरका अनुसार पसलको सर सफाइ, फोहोर व्यवस्थापन, मासु बिक्री कक्ष, बधस्थल तथा आवश्यक औजार सरसफाइमा ध्यान नदिँइदा उपभोक्ताको स्वास्थ्यमा समस्या हुने गरेको

*बाँकी पृष्ठ ३ मा*

शिरीष संचार समूह

नयाँ वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

खबर दर्पण राष्ट्रिय दैनिक | शिरीष खबरपत्रिका साप्ताहिक | शिरीष न्युज | Radio Rupantaran परिवर्तनकालागि १०६.३ Mhz

नयाँ वर्ष २०८३ को सुखद अवसरमा हाम्रो संचार संस्थाहरु पत्रिका, अनलाईन र रेडियो बाट एकै साथ प्रकाशन प्रसारण हुने गरी विज्ञापनमा विशेष प्याकेज सहित अत्यधिक छुटमा विभिन्न विज्ञापनको योजनाहरु लागु गरिएको हुँदा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८०४८५२६९६, ९८४४०७२८५९, ९८४४०३९८५६

# "गहना,जेवर,रूप र श्रृङ्गार-शिक्षा बिना सबै बेकार" नारासहित भर्ना अभियान सुरु






**खबर दर्पण समाचारदाता**
**वैशाख १७ गते, बर्दिवास**

महोत्तरी जिल्लाको औरही नगर पालिका-२, औरहीस्थित श्री प्रसाद सिंह नमूना माध्यमिक विद्यालय (नैनीगौरी) मा शैक्षिक सत्र २०८३ का लागि विद्यार्थी भर्ना अभियान सुरु गरिएको छ ।

औरही नगरपालिका-२ फुलवरिया टोलस्थित उक्त विद्यालयमा स्थानीय समुदायको सक्रियता र सहभागितामा सञ्चालन गरि एको अभियानले विद्यार्थी संख्या वृद्धि गर्नुका साथै गुणस्तरीय शिक्षाको पहुँच विस्तार गर्ने लक्ष्य लिएको छ ।

अभियानअन्तर्गत घरदैलो कार्यक्रम सञ्चालन गर्नुका साथै अभिभावकसँग प्रत्यक्ष संवाद गरी विद्यालयको शैक्षिक अवस्था, पूर्वाधार तथा सुधार का प्रयासबारे जानकारी गराउने काम भइरहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नबिनकुमार यादवले जानकारी दिनुभयो । उहाँले सामुदायिक विद्यालयप्रति अभिभावकको विश्वास बढाउँदै गुणस्तरीय शिक्षा प्रदान गर्नु अहिलेको आवश्यकता रहेको उल्लेख गर्नुभयो । अभियानमा सहभागी स्थानीय अगुवा, शिक्षक, अभिभावक तथा युवाहरूले "गहना, जेवर, रूप र श्रृङ्गार–शिक्षा बिना सबै बेकार" भन्ने मूल नारालाई आत्मसात गर्दै सबै बालबालिकालाई विद्यालय शिक्षामा अनिवार्य रूपमा सहभागी गराउने उद्देश्यले अभियान सञ्चालन गरिरहेका छन् ।

विद्यालयका सहायक प्रधानाध्यापक रामबरण राउतका अनुसार शैक्षिक सत्र २०८३ देखि कक्षा १ देखि ३ सम्म अंग्रेजी माध्यमबाट पठनपाठन सञ्चालन गरिनेछ । उहाँले विद्यालयमा गुणस्तरीय शिक्षा प्रदान गर्न दक्ष शिक्षक व्यवस्था, नियमित अनुगमन तथा विद्यार्थीमैत्री वातावरण निर्माणमा जोड दिइएको बताउनुभयो । साथै, प्रविधिमैत्री शिक्षण प्रणाली तथा अतिरिक्त क्रियाकलापलाई समेत प्राथमिकता दिइएको उहाँको भनाइ छ ।

औरही नगरपालिकाका नगर प्रमुख प्रदिपकुमार खड्काले सामुदायिक विद्यालयको सुदृढीकरण नगरपालिकाको प्राथमिकतामा रहेको बताउनुभयो । उहाँले गुणस्तरीय शिक्षा सुनिश्चित गर्न आवश्यक पूर्वाधार विकास, दक्ष जनशक्ति व्यवस्थापन तथा शैक्षिक सुधारका कार्यक्रमहरू सञ्चालन गरिएको जानकारी दिनुभयो ।

उहाँले भर्ना अभियानलाई सफल बनाउन अभिभावक, शिक्षक, विद्यालय व्यवस्थापन समिति तथा समुदायको सहकार्य आवश्यक रहेको उल्लेख गर्दै सबै बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउन नगरपालिका प्रतिबद्ध रहेको स्पष्ट पार्नुभयो । विद्यालय व्यवस्थापन समितिका शिक्षक सदस्य रामगोपाल यादवले भर्ना अभियानलाई प्रभावकारी बनाउन शिक्षक, अभिभावक र समुदायबीचको सहकार्य अपरिहार्य रहेको बताउनुभयो । उहाँले विद्यालयमा गुणस्तरीय शिक्षा अभिवृद्धिका लागि नियमित कक्षा सञ्चालन, विद्यार्थीमैत्री वातावरण निर्माण तथा अनुशासित सिकाइ प्रक्रियामा विशेष जोड दिइएको उल्लेख गर्नुभयो ।

उहाँले सामुदायिक विद्यालयप्रति अभिभावकको विश्वास क्रमश: बढ्दै गएको जनाउँदै सबै अभिभावकलाई आफ्ना बालबालिकालाई नजिकको विद्यालयमा भर्ना गराई शैक्षिक सुधार अभियानमा सहभागी हुन आग्रह गर्नुभयो । स्थानीयवासीले अभियानप्रति सकारात्मक प्रतिक्रिया जनाउँदै आफ्ना बालबालिकालाई सामुदायिक विद्यालयमै भर्ना गराउने प्रतिबद्धता व्यक्त गरेका छन् । समुदायको सक्रिय सहभागिताले विद्यालयको समग्र विकासमा टेवा पुग्ने विश्वास व्यक्त गरिएको छ ।

# महोत्तरीमा सवारी दुर्घटनामा महिलाको मृत्यु, दुई दिन बित्दा पनि पहिचान खुलेन

**खबर दर्पण समाचारदाता**
**वैशाख १७ गते, बर्दिवास**

महोत्तरीमा मोटरसाइकलको ठक्करबाट एक अपरिचित महिलाको मृत्यु भएको दुई दिन बितिसक्दा पनि उनको पहिचान खुल्न सकेको छैन। पहिचान नखुल्दा मृतकको पोस्टमार्टम प्रक्रिया समेत अघि बढ्न नसकेको प्रहरीले जनाएको छ। बर्दिबास-जलेश्वर सडकखण्ड अन्तर्गत जलेश्वर नगरपालिका-१ मा बुधबार साँझ भएको दुर्घटनामा करिब ५५ वर्षीया महिलाको ज्यान गएको हो। जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार बर्दिबासतर्फबाट जलेश्वरतर्फ तीव्र गतिमा आइरहेको ज.१२ प ५५५ नम्बरको पल्सर मोटर साइकलले ती महिलालाई ठक्कर दिएको थियो। टेम्पोबाट जलेश्वर मा ओर्लिएर सडकमा हिंडिरहेको अवस्थामा उहाँ मोटरसाइकलको ठक्करबाट गम्भीर घाइते हुनु भएको थियो ।

घाइते महिलालाई तत्काल उपचारका लागि प्रादेशिक अस्पताल जलेश्वर पुऱ्याइएकोमा चिकित्सकले मृत घोषणा गरेका थिए। बुधबार राति शव अस्पतालको इमर्जेन्सी कक्षमा राखिएको र बिहीबार बिहान पोस्टमार्टमको तयारी गरिएको भए पनि पहिचान नखुलेपछि प्रक्रिया रोकिएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक शैलेन्द्रकुमार भट्टका अनुसार मृतकको पहिचान खुलाउन आवश्यक प्रयास भइरहेको छ।

प्रहरीले मृतकको तस्बिर सार्वजनिक गर्दै पहिचानका लागि सहयोग गर्न सबैसँग आग्रह गरेको छ। शवको पहिचान भएमा नजिकको प्रहरी कार्यालय वा जिल्ला प्रहरी कार्यालय महोत्तरीको ९८५४०३२४५५, ९८५४०३००९९ वा १०० नम्बर मा सम्पर्क गर्न अनुरोध गरिएको छ।

# औरही नगरपालिकामा पनि विद्यालयहरू सातामा ६ दिन नै सञ्चालन गरिने

**खबर दर्पण समाचारदाता**
**वैशाख १७ गते, बर्दिवास**

औरही नगरपालिकाले संघीय सरकारद्वारा लागू गरिएको दुई दिन सार्वजनिक विदा सम्बन्धी निर्णयलाई स्थानीय आवश्यकता र शैक्षिक हितलाई मध्यनजर गर्दै परिमार्जन गरी नगर क्षेत्रभित्रका विद्यालयहरू सातामा ६ दिन सञ्चालन गर्ने निर्णय गरेको छ। बुधबार बसेको नगर कार्यपालिकाको बैठकले शिक्षण-अध्ययन प्रक्रियामा निर न्तरता आवश्यक रहेको निष्कर्ष निकाल्दै आइतबारसमेत पठनपाठन सञ्चालन गर्ने व्यवस्था मिलाउने निर्णय गरेको हो।

उक्त निर्णयसँगै नगर पालिकाभित्र सञ्चालनमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरू अब शनिबारबाहेक साताका अन्य दिनहरूमा नियमित रूपमा सञ्चालन हुनेछन्। नगर प्रमुख प्रदीप कुमार खड्काले शिक्षा क्षेत्रलाई कुनै पनि परिस्थितिमा अवरुद्ध हुन नदिने नगरपालिकाको स्पष्ट नीति रहेको उल्लेख गर्दै विद्यार्थीको भविष्यसँग प्रत्यक्ष सम्बन्धित पठनपाठन नियमित र निरन्तर हुनुपर्नेमा जोड दिएका छन्।

उनले दुई दिनसम्म विद्यालय बन्द रहँदा विद्यार्थीहरूको सिकाइ प्रक्रियामा प्रत्यक्ष असर पर्ने भएकाले शैक्षिक गुणस्तर कायम राख्न तथा अध्ययन-अध्यापनमा निरन्तरता दिन आइतबारसमेत कक्षा सञ्चालन गर्ने निर्णय गरिएको स्पष्ट पारे। उनका अनुसार संघीय सरकारले शनिबार र आइतबार सार्वजनिक बिदा दिने तथा सरकारी कार्यालय पाँच दिन मात्र सञ्चालन गर्ने निर्णय गरे पनि स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रहेर शैक्षिक तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक व्यवस्था मिलाएको हो।

नगर प्रमुख खड्काले विद्यालयमा नियमित पठनपाठन सुनिश्चित गर्नु नगरपालिकाको दायित्व भएको उल्लेख गर्दै यस्तो निर्णयले समग्र शैक्षिक सुधारमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरे। यस निर्णयसँगै औरही नगर पालिकाभित्रका सबै विद्यालयहरूमा पठनपाठन कार्य निरन्तर रूपमा सञ्चालन हुने र शैक्षिक गतिविधि थप व्यवस्थित तथा प्रभावकारी हुने अपेक्षा गरिएको छ।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# महोत्तरीमा बधशालाको अभावमा.....



छ ।

पशु चिकित्सक डा.ठाकुरले अस्वस्थ्य मासु खाँदा उपभोक्ता बिरामी पर्ने जोखिमसमेत उत्तिकै रहेको बताउनुभयो ।

जथाभावी रुपमा जहाँतही संचालनमा रहेको मासु पसलहरुलाई नियमन गर्ने निकाय मौन बस्दा उनीहरुको व्यवसायमा कुनै समस्या भएको छैन, उपभोक्ताको अस्वस्थकर मासु खान बाध्य छन् ।

स्थानीय संचारकर्मी समेतका औरही नगरपालिकाका धर्वेन्द्रकुमार यादवले भन्नुभयो, 'सडकमै जथाभावी रूपमा खसीबोका काटेर बिक्री गरिँदा पनि सम्बन्धित निकायबाटै कुनै अनुगमन हुने गरेको छैन । जथाभावी काटमार गरिँदा यसको नकारात्मक असरसमेत परेको छ । '

गौशाला नगरपालिका मेयर डा. दिपेन्द्र महतोले मापदण्ड पूरा गरेर व्यवसाय सञ्चालन गर्नु पर्ने सबैको दायित्व रहेको बताउनुभयो । उहाँले यसका लागि अनुगमन प्रभावकारी रुपमा अगाडि बढाइने बताउनुभयो ।

सरकारले स्वस्थ मासु उत्पादनका लागि पशु बधशाला तथा मासु जाँच ऐन नियम बनाए पनि लागु हुन सकिरहेको छैन । पशु बधशाला र मासु जाँच ऐन, २०५५ र पशु बधशाला तथा मासु जाँच नियमावली, २०५७ कागजी पानामा सीमित भएको छ ।

सरकारले स्वस्थ मासु उत्पादनका लागि मासु बधशाला र मासु जाँच ऐन नियमावली बनाए पनि व्यवसायीले नियमावली अवलम्बन गरेका छैनन् । नियमनकारी निकायको ध्यान कम जाँदा व्यवसायीले सजिलो बाटो अपनाउँदै बजारका चोकमा पनि मासु पसल चलाइ रहेका छन् । उनीहरुले काटमार गरिरहेको खसीबोका र चौपाया स्वस्थकर तथा गर्भिनी हो कि होइन भन्नेसमेत कुनै चेकजाँच छैन ।


## कृषिलाई व्यावसायिक बनाऔं

हामी निर्वाहमुखी कृषि प्रणालीमा आधारित छौं । यसले हाम्रो परिवारमात्रै पालिंदै आएको छ । तपाईंसंग भएको जमिनलाई राम्रो उपयोग गरी अरु धेरैको परिवारलाई पाल्नसक्ने खाद्यन्न उत्पादन गर्न सकिनेछ । त्यसका लागि हामीले हाम्रो कृषि कर्मलाई आधुनिकीकरण गरी व्यवसायिक कृषि गर्न सक्छौं । खेतीयोग्य जमिन बांझो नराखी आधुनिक र वैज्ञानिक तरिकाले कृषि गरेमा लाखौं खर्च गरेर विदेशिनु पर्दैन । यसरी विदेशिनु भन्दा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

मटिहानी नगरपालिका,
महोत्तरी



## कृषिलाई व्यावसायिक बनाऔं

हामी निर्वाहमुखी कृषि प्रणालीमा आधारित छौं । यसले हाम्रो परिवारमात्रै पालिंदै आएको छ । तपाईंसंग भएको जमिनलाई राम्रो उपयोग गरी अरु धेरैको परिवारलाई पाल्नसक्ने खाद्यन्न उत्पादन गर्न सकिनेछ । त्यसका लागि हामीले हाम्रो कृषि कर्मलाई आधुनिकीकरण गरी व्यवसायिक कृषि गर्न सक्छौं । खेतीयोग्य जमिन बांझो नराखी आधुनिक र वैज्ञानिक तरिकाले कृषि गरेमा लाखौं खर्च गरेर विदेशिनु पर्दैन । यसरी विदेशिनु भन्दा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

गौशाला नगरपालिका,
महोत्तरी


# सहकारी सुदृढीकरण मार्फत .............

रुपियाँका दरले निर्ब्याजी ऋणसमेत उपलब्ध गराइएको छ।

कार्यक्रममा होटल तथा पर्यटन व्यवसायी महासङ्घ महोत्तरीका अध्यक्ष गुन्जबहादुर कार्कीले सहकारीमार्फत अर्गानिक कृषि उत्पादनलाई अभियानकै रूपमा अघि बढाउनुपर्नेमा जोड दिनुभयो।

उहाँले स्थानीय उत्पादनको बजारीकरणमा सहकारीको भूमिका महत्त्वपूर्ण हुने बताउनुभयो। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राममणि अधिकारीले दुध सङ्कलनमा बिचौलियाको अन्त्य गरी सहकारीमार्फत नै सङ्कलन र वितरण गरिने बताउनुभयो। उहाँका अनुसार यसबाट किसानले उचित मूल्य पाउने विश्वास लिइएको छ। साथै, दुधजन्य परिकार उत्पादनमा सहकारी सक्रिय रहेको र नगर पालिकाबाट अनुदानसमेत उपलब्ध गराइएको जानकारी दिनुभयो।

नगर प्रमुख क्षेत्रीले कृषिजन्य उत्पादनलाई बजारसम्म पुऱ्याउन ४० किलोमिटर सडक निर्माण तथा ग्रामीण क्षेत्रमा दुई वटा पुल निर्माण गरिएको जानकारी दिनुभयो।

सहकारी मार्फत हुने बेसार खेतीमा ५० प्रतिशत अनुदान उपलब्ध गराइने र उत्पादित वस्तुको बजार सुनिश्चित गर्ने जिम्मा नगरपालिकाले लिएको उहाँको भनाइ छ।

सहकारी मार्फत सामूहिक लगानी र सहकार्यलाई प्रवर्धन गर्दै किसानको आयआर्जन वृद्धि गर्ने लक्ष्य राखिएको छ। सहकारीको पुनः सक्रियतासँगै बर्दिवासका किसानहरूमा उत्पादनको उचित मूल्य प्राप्त हुने अपेक्षा बढेको छ।


## कृषिलाई व्यावसायिक बनाऔं

हामी निर्वाहमुखी कृषि प्रणालीमा आधारित छौं । यसले हाम्रो परिवारमात्रै पालिंदै आएको छ । तपाईंसंग भएको जमिनलाई राम्रो उपयोग गरी अरु धेरैको परिवारलाई पाल्नसक्ने खाद्यन्न उत्पादन गर्न सकिनेछ । त्यसका लागि हामीले हाम्रो कृषि कर्मलाई आधुनिकीकरण गरी व्यवसायिक कृषि गर्न सक्छौं । खेतीयोग्य जमिन बांझो नराखी आधुनिक र वैज्ञानिक तरिकाले कृषि गरेमा लाखौं खर्च गरेर विदेशिनु पर्दैन । यसरी विदेशिनु भन्दा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

औरही नगरपालिका,महोत्तरी


## राहदानी हरायो

घरबाट काठमाण्डौं जाने क्रममा मिति २०८३/०१/०३ गतेका दिन मेरो निम्न विवरण भएको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यलय वा 9705110472 मा जानकारी गराइदिनु हुन अनुरोध गर्दछु ।

नामः बिपुल साह

ठेगाना : गौशला न पा-१ , महोत्तरी

राहदानी न. 10462920

**नवलपुर हेलियो सौर्य विद्युत आयोजना (१० मे.वा.)को संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**(प्रकाशन मितिः २०८३/०१/१८)**

मधेस प्रदेश, सर्लाही जिल्लाको लालबन्दी नगरपालिका वडा नं १, मा हेलियो स्पार्क इनर्जी प्रा.लि.द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगानाः** | **नामः** हेलियो स्पार्क इनर्जी प्रा.लि., मध्यपुर ठिमी, भक्तपुर<br>**सम्पर्क नं.** :९८५१०६०५८३, इमेलः heliosparkenergy@gmail.com |
| **प्रस्तावको व्यहोराः** | **आयोजना स्थलः** मधेश प्रदेश, सर्लाही जिल्लाको लालबन्दी नगरपालिका वडा नं १<br>**जडित क्षमताः** १० मे.वा<br>**औसत वार्षिक उर्जाः** २१.१४ GWh<br>**सोलार प्यानलको प्रकारः** Bifacial Dual Glass Mono-crystalline PV module. १८,४६१ वटा<br>**Rated Output क्षमता प्रति प्यानलः** ६५० Wp<br>**इन्भर्टरको प्रकारः** Single String Type<br>**प्रति इन्भर्टर क्षमता (AC), संख्याः** २५० कि.वा., ४० वटा र १०,००० कि.वा.<br>**प्रसारण लाइनको लम्बाईः** २ कि.मि., नवलपुर नेपाल विद्युत प्राधिकरण ग्रिड सब- स्टेशन<br>**अनुमानित लागतः** रु. ६०,४२,२८,६२५/-<br>**अनुमानित निर्माण अवधिः** १८ महिना<br>**सार्वजनिक सुनुवाई कार्यक्रमः** २०८३/०१/०६ |
| **प्रभाव पर्न सक्ने जिल्ला/गा.पा/वडाः** | सर्लाही जिल्ला, लालबन्दी नगरपालिका वडा नं १ |

माथि उल्लेखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सौंस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्ता प्रभावहरु पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका/गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरि लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगानाः** | **नामः** हेलियो स्पार्क इनर्जी प्रा.लि., मध्यपुर ठिमी, भक्तपुर<br>**सम्पर्क नं.** :९८५१०६०५८३, इमेलः heliosparkenergy@gmail.com |
| **परामर्शदाताको नाम र ठेगानाः** | **स्वान्सग्रिन इन्भारोमेन्ट सोलुसन प्रा.लि., कोटेश्वर, काठमाडौं**<br>**सम्पर्क नंः** ९८४९१७८३२१, ९८४३७५८५८८, **इमेलः** swansgreen011@gmail.com |

# औरही बजार अनुगमनमा व्यापक अनियमितता,म्याद गुज्रिएका खाद्य पदार्थ फेला

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'

**वैशाख १७ गते, महोत्तरी**

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय जलेश्वरको नेतृत्वमा महोत्तरीको औरही नगरपालिका-१, औरही बजार मा गरिएको संयुक्त बजार अनुगमनका क्रममा विभिन्न अनियमितता फेला परेका छन्। अनुगमन टोली बजार पुगेको समयमा अधिकांश पसल बन्द अवस्थामा भेटिएका थिए। अनुगमनको सूचना पूर्वमै पाएको आशंकामा व्यवसायीहरूले पसल बन्द गरेको देखिएको छ। केही होटल तथा मासु पसल भने सञ्चालनमा रहेका थिए।

अनुगमनका क्रममा एक कोल्ड स्टोरमा म्याद गुज्रिएको बियर फेला परेको छ भने केही मासु पसलमा पनि म्याद नाघेका पेय पदार्थ भेटिएको टोलीले जनाएको छ। साथै, होटलहरूमा प्रयोग भइरहेको पकाउने तेल धेरैजसो स्थानमा गुणस्तरहीन तथा बिग्रिएको अवस्थामा रहेको पाइएको छ। सरसफाइको अवस्था समेत सन्तोषजनक नरहेको निष्कर्ष निकालिएको छ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय जलेश्वरका अधिकृत बिक्की राउतले म्याद गुज्रिएका तथा गुणस्तरहीन खाद्य सामग्री बिक्री गर्ने र सर सफाइमा लापरबाही गर्ने व्यवसायीलाई कडा चेतावनी दिएका छन्। उनले पहिलो चरणको अनुगमन भएकाले चेतावनी दिइएको उल्लेख गर्दै पुनः यस्तो अवस्था भेटिएमा कानुनअनुसार कडा कारबाही गरिने स्पष्ट पारे। उपभोक्ताको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार रहने विषयमा कुनै सम्झौता नहुने उनले जोड दिए।



औरही नगरपालिकाका नगर प्रमुख प्रदीप कुमार खड्काले अनुगमन उपभोक्ता हित संरक्षणका लागि आवश्यक प्रक्रिया भएको बताउँदै व्यवसायीहरूलाई कानुनको पूर्ण पालना गर्न आग्रह गरेका छन्। उनले बजारलाई स्वच्छ, व्यवस्थित र दर्ता प्रणालीअनुसार सञ्चालन गर्न सबै व्यवसायी जिम्मेवार हुनुपर्नेमा जोड दिए। यसैबीच, गौशाला नगरपालिका-३ का उपभोक्ता दिलिप महतोले बजारको अवस्थाप्रति चिन्ता व्यक्त गर्दै उपभोक्ताको स्वास्थ्यसँग खेलवाड नगर्न व्यवसायीहरूलाई सचेत गराएका छन्।

औरही उद्योग वाणिज्य संघका महासचिव राजु चौधरीले अनुगमनका बेला पसल बन्द गर्ने प्रवृत्ति गलत भएको भन्दै व्यवसायीहरूलाई सहयोग गर्न आग्रह गरेका छन्।

संघका पूर्व अध्यक्ष श्रवण चौधरीले पनि अनुगमनलाई सकारात्मक रूपमा लिन आग्रह गर्दै नियमअनुसार व्यवसाय सञ्चालन गर्न सुझाव दिएका छन्।

अनुगमनमा स्थानीय प्रशासन, औरही नगरपालिका तथा प्रहरी प्रशासनका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। साथै, समाचार संकलन तथा रिपोर्टिङका लागि स्थानीय पत्रकारहरूको पनि उपस्थिति रहेको थियो। अनुगमन टोलीले व्यवसायीहरूलाई कानुनअनुसार दर्ता भई गुणस्तरीय खाद्य सामग्री मात्र बिक्री गर्न तथा उपभोक्ताको स्वास्थ्यप्रति जिम्मेवार बन्न आग्रह गरेको छ।


**लहान हेलियो सौर्य विद्युत आयोजना (१० मे.वा.) को संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**(प्रकाशन मितिः २०८३/०१/१८)**

मधेस प्रदेश, सिरहा जिल्लाको लहान नगरपालिका वडा नं २०, मा हेलियो स्पार्क इनर्जी प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगानाः** | हेलियो स्पार्क इनर्जी प्रा.लि, मध्यपुर् ठिमी, भक्तपुर<br>**सम्पर्क नं.:** ९८५१०६०५८३, **इमेलः** heliosparkenergy@gmail.com |
| **प्रस्तावको व्यहोराः** | **आयोजना स्थलः** मधेश प्रदेश, सिरहा जिल्लाको लहान नगरपालिका वडा नं २०<br>**जडित क्षमताः** १०,००० कि.वा.<br>**औसत वार्षिक उर्जाः** २१.१४ GWh<br>**सोलार प्यानलको प्रकार, संख्याः** Monocrystalline, १८,४६१ वटा<br>**Rated Output क्षमता प्रति प्यानलः** ६५० Wp<br>**इन्भर्टरको प्रकारः** Single String Type<br>**प्रति इन्भर्टर क्षमता (AC), संख्याः** २५० कि.वा., ४० वटा<br>**प्रसारण लाइनको लम्बाईः** २.५ कि.मि., नेपाल विद्युत प्राधिकरणको लहान सब-स्टेशन<br>**अनुमानित लागतः** रु. ६०,२४,८०,६२५/-<br>**अनुमानित निर्माण अवधिः** १८ महिना<br>**सार्वजनिक सुनुवाई कार्यक्रमः** २०८३/०१/०५ |
| **प्रभाव पर्न सक्ने जिल्ला/गा.पा/वडाः** | सिरहा जिल्ला, लहान नगरपालिका वडा नं २० |

माथि उल्लेखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सौस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्ता प्रभावहरु पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरि लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगानाः** | **हेलियो स्पार्क इनर्जी प्रा.लि, मध्यपुर् ठिमी, भक्तपुर**<br>**सम्पर्क नं.:** ९८५१०६०५८३, **इमेलः** heliosparkenergy@gmail.com |
| **परामर्शदाताको नाम र ठेगानाः** | **स्वान्सग्रिन इन्भारोमेन्ट सोलुसन प्रा.लि., कोटेश्वर, काठमाडौं**<br>**सम्पर्क नंः** ९८४९१७८३२१/९८४३७५८५८८, **इमेलः** swansgreen011@gmail.com |



**योग एक प्राचीन अभ्यास हो । यसले शरीर, मन र आत्मालाई सन्तुलनमा राख्न मद्दत गर्छ ।**

**योगका फाइदाहरू**

शारीरिक स्वास्थ्य सुधारः शरीर लचिलो र बलियो बनाउँछ
मानसिक शान्तिः तनाव, चिन्ता र डिप्रेसन कम गर्छ
रोग प्रतिरोधात्मक क्षमता बढाउँछ
निद्रा सुधार गर्छ
ध्यान केन्द्रित गर्न सहयोग गर्छ

**ध्यान दिनुपर्ने कुराहरू**

खाली पेट वा हल्का खाना खाएपछि मात्र योग गर्नुहोस्
शुरुवातमा सजिला आसनहरूबाट अभ्यास सुरु गर्नुहोस्
दीर्घ रोग वा स्वास्थ्य समस्या भएमा चिकित्सकको सल्लाह लिनुहोस्
नियमित अभ्यास गर्नु अत्यन्त आवश्यक छ
सामान्यतया बिहानको समयमा योग गर्नु उत्तम मानिन्छ।
यसले दिनभर ऊर्जा र सकारात्मकता दिन्छ।

**अनुरोधकर्ता :**

**जनकपुरधाम उपमहानगरपालिका**

धनुषा , जनकपुरधाम
मधेश प्रदेश



**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**

मेनरोड बर्दिवास, महोत्तरी

044-550255


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,